# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बनियानी, झापा
## १ नं. प्रदेश, नेपाल

प.स. २०७८/०७९ (रोजगार शाखा)

च.नं. : ८४५९ मिति: २०७९/०२/३०

**विषय : रोजगार मूलक आयोजनाहरु बार्षिक कार्याकममा समावेश गर्ने सम्वन्धमा ।**

श्री वडा कार्यालय सवै
कचनकवल गा.पा. , झापा ।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत प्रत्येक वडामा सूचीकृत वेरोजगारहरुलाई १०० दिनको न्युनतम रोजगारी प्रदान गर्ने व्यवस्था गरिएको विदितै छ । यस गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन गर्नका लागि प्रत्येक वडा कार्यलयमा आ. व.२०७९।८० को आयोजना छनौट गरी वार्षिक कार्याकममा समावेश गरी sutra मा entry गरेको हुनुपर्ने र यिनै आयोजनाहरुमा सूचिकृत वेरोजगार व्यक्तिहरुलाई रोजगारी दिनुपर्ने भएकोले आ आफ्नो वडामा आ.व ०७९।८० मा सन्चालन गर्ने आयोजना छनौट गरी मिति २०७८।०३।०५ गते भित्रमा गाउँपालिकाको कार्यलय तथा रोजगार सेवा केन्द्रमा उपलब्ध गराइदिनुहुन अनुरोध छ । साथै यस कार्यक्रम अर्न्तगत सन्चालन हुने आयोजनामा ज्यालाको रकम मात्र विनियोजन हुने भएकोले आयोजनाको प्रभावकारी सन्चालनका लागि अनिवार्य Matching Fund को व्यवस्था गर्नु हुन यसै पत्र साथ जानकारी गराइन्छ । रोजगार आयोजनाका सम्भावित क्षेत्र यसै पत्र साथ संलग्न राखि पठाइएको छ ।

**तपशिल**

रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु: यो कार्यक्रम अन्तर्गत रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु देहाय वमोजिम हुनेछन :-

(१) **कृषि, सहकारी तथा पशु विकास:** शीत भण्डार निर्माण, कृषि उपजहरुको प्रोशेसिङ प्लान्ट निर्माण, परम्परागत र प्लास्टिक पोखरी निर्माण, कृषि उपजको संकलन तथा बेचबिखन केन्द्र निर्माण, पर्ति जग्गामा खेती, खाली जग्गामा फलफूलका विरुवा रोप्ने, सामूहिक तथा सहकारी खेती, व्यवसायिक खेती तथा पशुपालन, कृषि वन कार्यक्रम, सहकारी संस्थाहरु, आदि ।
(२) **ऊर्जा, सिंचाई तथा नदी नियन्त्रण:** कूलो, बाँध, पैनी तथा नहर निर्माण एवं मर्मत सम्भार, जलविद्युत आयोजना र ट्रान्समिसन लाईन निर्माण तथा मर्मत सम्भार, नदी नियन्त्रण, पहिरो नियन्त्रण, आदि ।
(३) **खानेपानी तथा सरसफाई:** मुहान संरक्षण, पाईप बिछ्याउने, ट्यांकी, धारा र शौचालय निर्माण तथा मर्मत, ढल पूर्वाधार मर्मत वा सोही प्रकृतिका सरसफाइ सम्बन्धी पूर्वाधारजन्य क्रियाकलाप ।
(४) **वन तथा वातावरण:** वृक्षारोपण, वैज्ञानिक वन व्यवस्थापन अन्तर्गत थिनिङ्ग, प्रुनिङ्ग, अग्नि रेखा निर्माण लगायतका कार्यहरु, खाली जग्गामा फलफूलका विरूवा रोप्ने, सडक र नदी खोला किनारमा रुख रोप्ने, गैर काष्ठजन्य वन पैदावार उत्पादन, व्यवसायिक निजी वन, निजी वन नर्सरी, जडिवुटी खेती, प्रशोधन र बजारीकरण, कृषि वन, वन पैदावारमा आधारित उद्योग स्थापना, वायो इन्जिनियरिङ्ग प्रविधि, संरक्षण पोखरी निर्माण, वातावरण संरक्षण तथा जलवायु अनुकुलन आदि ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(५) **पर्यटन प्रबर्द्धन**: पर्यटकीय पदमार्ग, पर्यटन मार्गको निर्माण तथा मर्मत सम्भार, होटल तथा रेष्टुरेण्ट व्यवसायको प्रर्वद्धन, पर्यटन मार्गमा सेड निर्माण तथा होमस्टे लगायतका ग्रामीण पर्यटन; पर्या पर्यटन आदि ।

(६) **सडक यातायात**: एयरपोर्ट, सबै प्रकारका सडक, रेलवे, बसपार्क, पुल, कल्भर्ट आदिको निर्माण तथा मर्मत सम्भार ।

(७) **शिक्षा, युवा तथा खेलकूद**: साक्षरता अभियान, कम्युटर शिक्षा, विद्यालय खेलकुद कार्यक्रम र खेल मैदान, कवर्ड हल, स्टेडियम, विद्यालय भवन, पुस्तकालय आदि संरचनाकोनिर्माण तथा मर्मत सम्भार ।

(८) **पुनर्निर्माण**: सार्वजनिक र निजी भवन निर्माण, पुरातात्विक सम्पदाको पुनर्निर्माण आदि ।

(९) **सामूदायिक पूर्वाधार निर्माण**: पुस्तकालय, वाचनालय, जेष्ठ नागरिक क्लव, सामुदायिक भवन निर्माण तथा मर्मत सम्भार आदि ।

(१०) **ठूला तथा राष्ट्रिय गौरवका आयोजनाको** स्थानीय स्तरमा हुने निर्माण तथा मर्मत सम्भार लगायतका श्रममूलक कार्यहरु ( माटोको काम, ग्याबियन वाल, ढुंगा कुद्ने, नाली बनाउने आदि) ।

(११) **सूचना तथा संचार प्रविधि**: नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय तथा अन्य निकायहरु, प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय तथा कार्यालयहरु, स्थानीय तहहरु र बैंक तथा वित्तीय संस्थाहरुको अभिलेख डिजिटाइजेशन गर्ने, बिजनेस प्रोसेस आउटसोर्सिंग, नलेज प्रोसेस आउटसोर्सिंग र आईटी इनेवलिंग सर्भिसेज आदि ।

(१२) **स्वास्थ्य** : स्वास्थ्य पूर्वाधारको निर्माण तथा मर्मत ।

सन्जु ढकाल
रोजगार संयोजक

कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

कालेन्द्र प्रसाद सिंह राजवंशी
अध्यक्ष
**कालेन्द्र प्रसाद सिंह राजबंशी**
**गा.पा. अध्यक्ष**

वोधार्थ श्री सूचना प्रविधि शाखा गापाको वेवसाइटमा अपलोड गरिदिनुहुन

CamScanner